# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

## उत्तरदायी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परीक्षण कार्यविधि

## २०८०

Funded by
the European Union

युएन वुमन नेपालको मार्गदर्शन र सुपरिवेक्षणमा यो निर्देशिका तयार पारिएको हो ।

यो लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परीक्षण कार्यविधि युरोपेली संघ मानवीय सहायता परियोजनाको आर्थिक सहयोगमा कानुनी सहायता तथा यू एन डि पि, यूनिसेफ, र यू एन विमनको प्राविधिक सहयोगमा वृहतर विपद जोखिम व्यवस्थापन कार्यक्रम (Strengthening Urban Preparedness, Earthquake Preparedness and Response in Western Regions of Nepal Project) मार्फत तयार गरिएको हो ।

# विषय वस्तु


| | |
|---|---|
| शब्दावली | ख |
| पृष्ठभूमि | १ |
| नीतिगत ब्यवस्था | १ |
| विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लै.स.अ.सा.स.) | २ |
| कार्यविधिको आवश्यकता | २ |
| कार्यक्षेत्र | ३ |
| परीक्षण अवधि | ३ |
| परीक्षण विधि | ३ |
| परीक्षणका चरण | ४ |
| मूल्य/सहायक विषय/सूचक | ५ |
| प्रतिवेदन कार्यान्वयन र जिम्मेवारी: | ६ |
| अनुसूचि १: लै.स.अ.सा.स. मैत्री जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सूचक | ७ |
| अनुसूचि २: स्थानीय तहको लै.स.सा.स. कार्यान्वयन समिति | १३ |
| अनुसूचि ३: लै.स.सा.स. परीक्षण कार्यदल | १४ |

# शब्दावली

लै.स.अ.सा.स. : लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

लै.स.सा.स. : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

रा.यो.आ. : राष्ट्रिय योजना आयोग

वि.जो.न्यू.व्य. : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

स.मा.तथा सा. प्र.म. : सङ्घिय मामिला तथा सामान्य प्रशासन मंत्रालय

स्था.त. : स्थानीय तह

## पृष्ठभूमि:

नेपाल प्राकृतिक विविधताको धनी देश भएता पनि नेपालिहरूले विभिन्न प्रकारका प्रकोपहरूको सामना गर्नु परिरहेको छ। नेपाल प्राकृतिक र गैर प्राकृतिक दुबै प्रकारका प्रकोपका जोखिममा रहेकोले हरेक वर्ष औसत ५०० भन्दा बढी विपद्का घटनाहरू हुने गरेका छन्। फलस्वरूप भौतिक संरचना, मानवीय क्षति र जीविकोपार्जनमा असर परिरहेको छ।

नेपाल विश्वमा भुकम्पबाट ११औं अती जोखिम तथा बाढी र पहिरोबाट ३०औं अती जोखिम देशको रूपमा रहेको छ। यसको अलावा बढ्दो विकास संगै नेपालले वातावरण प्रदुषण, वन विनाश, बाँध तथा तटबन्ध बिस्फोटन, पुल भत्किने, सडक दुर्घटना जस्ता गैर प्राकृतिक विपद्हरू समेत भोग्नु परेको छ। पहाडी भाग पहिरो र भूक्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी खडेरी, अगलागि र महामारीको जोखिममा छन् साथै हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ। नेपालको सबै भूभाग सक्रिय भूक्मपीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूक्मपीय जोखिममा छन्।

## नीतिगत व्यवस्था:

नेपालको संविधानले, २०७२ प्राकृतिक साधन स्रोतको संरक्षण संवर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उध्दार, राहत एवं पुनस्थार्पना गर्ने नीति लिएको छ। यसै बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ। यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका समग्र पक्षहरूलाई समेटेको छ। विपद् व्यवस्थापनका लागि एक उच्च निकायको रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरणको व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको समिति एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ। यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धीका कार्यहरूलाई स्पष्ट रूपमा उल्लेख गरेको छ। यसैगरी बिभिन्न ऐन कानून तथा नीतिहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको नीतिलाई अवलम्बन गरेको छ।

## विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लै.स.अ.सा.स.):

प्रकोप वा विपद्ले सबैलाई एकै किसिमले असर गर्दैन । प्रत्येक मानवीय संकटमा, महिला र केटीहरू पुरुष र केटाहरू भन्दा फरक रूपमा प्रभावित हुन्छन् । साथै सामाजिक संरचनाहरू, सामाजिक मूल्य मान्यताहरू, भेदभावपूर्ण र हानिकारक अभ्यासहरू साथै लैङ्गिक भूमिकाहरूले समुदायका केही सदस्यहरूको लागि बढ्दो जोखिमहरू सिर्जना गर्दछन् -जस्तै बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, यौन र लैङ्गिक अल्पसंख्यकहरू, एचआईभी/एड्स भएका मानिसहरू, किशोरीहरू, एकल महिला, महिला प्रमुख घरपरिवारका सदस्यहरू, गर्भवती महिला र सुत्केरी आमाहरू, ज्येष्ठ नागरिकहरू, दलित महिलाहरू, धार्मिक तथा जातीय अल्पसंख्यक महिलाहरू र आदिवासी महिलाहरू । तसर्थ यस समुहका विशेष आवश्यकताहरू र प्राथमिकताहरू पहिचान गर्नका लागि विशेष व्यक्तिहरूले भोग्न सक्ने विभिन्न प्रकारका भेदभावहरूलाई ध्यानमा राख्न आवश्यक छ । जसले गर्दा विपद् जोखिम न्यूनीकरण व्यवस्थापनलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लै.स.अ.सा.स.) मैत्री बनाउनु पर्दछ ।

## कार्यविधिको आवश्यकता:

नेपालको १५ औं राष्ट्रीय योजनाको सोच 'विपद् जोखिमवाट सुरक्षित र उत्थनशील नेपाल' भन्ने लक्ष्य प्राप्तिको लागि सवै प्रकारका प्राकृतिक एवं गैह्र प्राकृतिक विपद्का घटनावाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्नेको लागि नेपालले जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सघं, प्रदेश, स्थानीय स्तर सम्मका ऐन, संरचना तथा कोषको व्यवस्था गरेको छ । नेपाललाई विपद्वाट सुरक्षित, अनुकुलित र उत्थानशील राष्ट्रको रुपमा विकास गर्नको लागि स्थानिय तहमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न आवश्यक छ । यसको लागि स्थानिय तहमा विपद् जोखिम न्युनिकरण सम्बन्धित नीति, संरचना, योजना, बजेटको प्रभावकारी कार्यान्वयनको मूल्याङ्कन गर्न लै.स.सा.स. परीक्षण एक महत्वपूर्ण औजार हो । संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयको "स्थानीय तहको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण निर्देशिका, २०७८" मा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धित चारवटा सूचक समावेश गरीएकको छ, उक्त निर्देशिकाले लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै पक्षलाई नसमेटेको हुनाले लै.स.सा.स. परीक्षणका पाँचवटा मूख्य विषय अन्तर्गत लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणको सचूकलाई समावेश गरी कार्यान्वयन गर्नको लागि कार्यविधि तयार गरिएको छ ।

## कार्यक्षेत्र:

यस कार्यविधिले स्थानीय तहमा लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण को वर्तमान अवस्थाको पहिचान गर्दै समसामयिक समस्या तथा चुनौतिहरूलाई सम्बोधन गर्न सहयोग गर्नेछ। यस कार्यविधिलाई स्थानीय तहले वार्षिक रुपमा सम्पन्न गर्ने लै.स.सा.स. परीक्षणका लागि पूरक सामाग्रिको रूपमा उपयोग गर्नेछ। स्थानीय तहले यस कार्यविधिमा उल्लेखित लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणका १४ सूचकहरू र लै.स.सा.स. परीक्षण दिग्दर्शन, २०७८ को १०० सूचक लाई समावेश गरी वार्षिक रूपमा लै.स.सा.स. परीक्षण गर्नुपर्नेछ।

## परीक्षण अवधि:

स्थानिय तहले हरेक आर्थिक वर्षमा लै.स.सा.स. परीक्षण सम्पन्न गर्नु पर्दछ। गत आ.व.मा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ। लै.स.सा.स. परीक्षण प्रतिवेदनले औंल्याएका विषयवस्तु उपर सम्बन्धित स्थानीय तहमा सरोकारवालाहरूबीच छलफल गरी प्राप्त भएका सुझावहरूलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रुपमा ग्रहण गर्नु पर्दछ। यसरी लै.स.सा.स.परीक्षण गर्दा लै.स.अ.सा.स. उत्तरदायी विपद् जोखिम न्यूनीकरणको थप सूचकलाई लाई पनि समावेश गरी हरेक आर्थिक वर्षमा परीक्षण गर्नुपर्दछ।

## परीक्षण विधि:

लै.स.सा.स परीक्षणका संस्थाको स्व-मूल्याङ्कन हो, जसको लागि मुख्य सूचकको रुपमा १.नीति कानून र योजना २.संस्थागत व्यवस्था ३.मानव संसाधन तथा क्षमता विकास ४.सेवा प्रवाह ५.सुशासन तथा उत्तरदायित्व गरी पाँचबटा मुख्य विषय राखिएका छन्। प्रत्येक मुख्य विषयमा लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणलाई सहायक विषयको रूपमा थप गरि, उक्त सहायक बिषयमा २ देखि ३ सूचक/प्रश्नहरू राखिएका छन्। स्थानीय तहको लै.स.सा.स. परीक्षण निर्देशिका, २०७८ मा उल्लेख गरिएको १०० सूचकमा, लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणका १४ सूचक थप भई जम्मा ११४ सूचक र प्रत्येक सूचकको अंकभार १ कायम गरी कुल अंकभार १०० मा १४ थप भई ११४ कायम गरिएको छ। ११४ अंकलाई १०० मानी यिनै सूचकहरूका आधारमा स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूको सहभागितामा २ दिने कार्यशाला गोष्ठीमा छलफल गरी कार्यदलले

सामुहिक लेखाजोखाका आधारमा प्रत्येक सूचकमा सहमतिमा अंक प्रदान गर्नु पर्दछ। छलफलको आधारमा उक्त सूचक पूर्ण रूपले भएमा १, सुधार गर्नु पर्ने देखिएमा ०.५ वा सो विषय हुँदै नभएमा ० अंक प्रदान गर्नु पर्दछ। प्रदान गरिएको अंकलाई प्रमाणीकरणका आधारमा प्रमाणीत गर्नु पर्दछ। सूचकले प्राप्त गरेको अंकको आधारमा स्थानीय तहमा लै,स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणको अवश्थाको बारेमा जानकारी प्राप्त हुन्छ। यसका साथै लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरणको बारेमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको बारेमा विश्लेषण गरी अन्तमा ०.५ र ० अंक प्राप्त गरेको सूचकमा आगामि वर्षहरूमा सुधार गर्नको लागि कार्य योजना बनाई कार्यान्वयन गर्नु पर्दछ।

## परीक्षणका चरण:

### क) तयारी चरण:

प्रत्येक स्थानीय तहले स्थायी प्रकृतिको लै.स.सा.स. कार्यान्वयन समिति गठन गर्नु पर्दछ। (कार्यान्वयन समितिको विवरण अनुसूचि २ मा दिईएको छ) उक्त कार्यान्वयन समितिले लै.स.सा.स.परीक्षणको लागि कार्यदलको (कार्यदलको विवरण अनुसूचि ३ मा दिईएको छ) निर्माण गरी परीक्षणका लागि कार्ययोजना तयार गरी कार्य प्रारम्भ गर्नु पर्दछ। लै.स.सा.स. कार्यदलले स्थानिय विपद् व्यवस्थापन समितिसंग सहकार्य गरी विपद् जोखिम न्यूनीकरण व्यवस्थापनसंग सम्बन्धित दस्तावेजहरू (संविधान, गाउं तथा नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, विपद् जोखिम व्यवस्थापन रणनीतिक कार्य योजना, आपतकालिन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, स्थानीय तह तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको नामावली, विपद् खोज तथा उद्दार समूहको नामावली, वार्षिक प्रतिवेदन, विपद् जोखिम न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली आदि) संकलन गर्ने र संकलन गरीएका दस्तावेजहरू लै.स.अ.सा.स.को दृष्टिकोणबाट विश्लेषण गरी प्रतिवेदन तयार गर्नु पर्दछ।

### ख) कार्यन्वयन चरण:

लै.स.सा.स. परीक्षण कार्यदलले स्थानीय तहको पदाधकारीहरू र कर्मचारीहरूको सहभागितामा कार्यशाला गोष्ठी संचालन गर्नु पर्दछ। गोष्ठीमा लै.स.सा.स. परीक्षणका पाँच क्षेत्र अन्तर्गत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको सूचकको सामुहिक रुपमा विश्लेशण गर्ने, यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति को आंकलन गर्ने आवश्यक परेमा विषय वस्तुको सम्वेदनशीलता हेरेर सहजकर्ताले समूह छलफल, कार्यालय प्रमुख, शाखा प्रमुख, वि.जो.न्यू. फोकल व्यक्तिसंग छलफल गर्न सक्नेछन्। साथै प्रश्नावलीको माध्यमबाट विपद् पिडित महिला, जेष्ठ नागरिक, गरिब, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक

वा अन्य लक्षित समुदाय वा वर्गहरूसंग छुट्टै पनि छलफल गरी जानकारी लिन सकिन्छ । यसरी विभिन्न माध्यमबाट संकलन गरीएको सूचना र कार्यशालामा प्रदान गरिएको अंकको आधारमा कमजोर सूचक र सुधार गर्नुपर्ने अवश्थाको आधारमा कार्य योजना बनाई स्थानिय तहको वार्षिक योजना समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।

### ग) प्रतिवेदन चरण:

यस चरणमा कार्यदलले लै.स.सा.स. परीक्षणबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई प्रतिवेदनका रुपमा प्रस्तुत गर्नु पर्दछ । यसबाट सरोकारवाला र अध्ययन प्रति चासो राख्ने सबैलाई स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा लै.स.अ.सा.स.को अवस्थाका सम्बन्धमा जानकारी लिन सजिलो हुन्छ, साथै स्थानीय तहमा लै.स.सा.स. परीक्षणको माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवश्थाको बारेमा वार्षिक रूपमा जानकारी हासिल गर्न सकिन्छ ।

## मूख्य/सहायक विषय/सूचक:

लै.स.सा.स. परीक्षणमा लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सूचकलाई देहायका पाँच मुख्य विषय अन्तर्गतका सहायक विषयको रूपमा थप गरिएको छ । पाँच मुख्य विषय मध्ये १.नीति २.कानून तथा योजना ३.संस्थागत व्यवस्था ४.मानव संसाधन तथा क्षमता विकास ५.सेवा प्रवाहमा ३/३ वटा सूचक समावेश गरेको छ भने शुसाशन तथा उत्तरदायित्वमा २ वटा सुचक समावेश गरि जम्मा १४ सुचकलाई १४ अंकभार दिई समावेश गरिएको छ ।

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सूचकलाई विस्तृत रूपमा अनुसूची १ मा राखिएको छ ।)

| क्र. स. | मुख्य विषय | अंक |
|---|---|---|
| १ | नीति, कानून तथा योजना | ३ |
| २ | संस्थागत व्यवस्था | ३ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | ३ |
| ४ | सेवा प्रवाह | ३ |
| ५ | शुसाशन तथा उत्तरदायित्व | २ |

## प्रतिवेदन कार्यान्वयन र जिम्मेवारीः

लै.स.अ.सा.स. उत्तरदायी वि.जो.न्यू. सूचक सहितको लै.स.सा.स. परीक्षण प्रतिवेदन प्राप्त भएपछि यसलाई कार्यापालिकाको बैठकमा छलफलको लागि प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गर्नु पर्नेछ। सम्भव भएका बिषय चालु आर्थिक बर्षमा नै र बजेट नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने बिषयहरू आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नु गराउनु पर्दछ। साथै स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिले परीक्षणबाट देखिएको सुधार गर्नुपर्ने क्षेत्रको आधारमा आपतकालिन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गर्नु पर्दछ। कार्यदलले प्रस्तुत गरेको प्रतिवेदमा समावेश भए बमोजिम कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तहले नियमित वार्षिक रुपमा अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धीहरूलाई अभिलेख गर्नु पर्दछ। कार्ययोजना कार्यान्वयनको बिषय स्थानीय सरकारको कार्यसम्पादन सूचकमा समाबेस गरी प्रगति मापन गर्ने प्रणाली अवलम्बन गर्नुका साथै बाँकी रहेका सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः वार्षिक विकास योजना मार्फत सम्बोधन गरी निरन्तररुपमा कार्यान्वयन गर्नु पर्दछ।

## अनुसूचि १

# लै.स.सा.स. मैत्री जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सूचक

| मूल विषय | सहायक विषय | पुर्णाङ्क | सूचक नम्बर | सूचक | सूचकको अंक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणीकरणको अवश्था |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नीति, कानून तथा योजना | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | ३ | १.४.१. | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण नीतिसग सम्बन्धित कानुन तथा योजना/कार्यक्रम निर्माण गरिएको छ ? | ०-१ | | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण नीतिसग सम्बन्धित कानुन तथा योजना/कार्यक्रम निर्माण गरिएको छ । | केहि विपद् जोखिम न्यूनीकरण नीतिसग सम्बन्धित कानुन तथा योजना/कार्यक्रम निर्माण गरिएको छ तर लै.स.अ.स.स.लाई समावेशी गरिएको छैन । | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण नीतिसग सम्बन्धित कानुन तथा योजना/कार्यक्रम निर्माण गरिएको छैन । | १. वि.जो.न्यू. तथा व्य. विधेयक ।<br>२. वि. जो.न्यू. कोष संचालन कार्यविधि ।<br>३. वि. जो. न्यू.रणनितीक कर्ययोजना । |
| | | | १.४.२. | विपद् जोखिम न्यूनीकरण नीति तथा कानूनहरू निर्माणको सबै प्रकृयामा महिला, अपाङ्गता तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गरिएको छ ? | ०-१ | | विपद् जोखिम न्यूनीकरण नीति तथा कानूनहरू निर्माणको सबै प्रकृयामा महिला, अपाङ्गता तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गरिएको छ । | विपद् जोखिम न्यूनीकरण नीति तथा कानूनहरू निर्माणको सबै प्रकृयामा महिला, सहभागिताको सुनिश्चित गरिएको छ । | विपद् जोखिम न्यूनीकरण नीति तथा कानूनहरू निर्माणको सबै प्रकृयामा महिला, अपाङ्गता तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गरिएको छैन । | १. नीति कानून निर्माण गर्दाको कार्य दलको नामाकरण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १.४.३. | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण योजना कार्यक्रमको लागि प्रयाप्त बजेट विनियोजन गरिएको छ ? | ०-१ | | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण योजना कार्यक्रमको लागि प्रयाप्त बजेट विनियोजन गरिएको छ । | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण योजना कार्यक्रमको लागि केही बजेट विनियोजन गरिएको छ । | लै.स.अ.सा.स. समावेशी विपद् जोखिम न्यूनीकरण योजना कार्यक्रमको लागि प बजेट विनियोजन गरिएको छैन । | १. आपतकालिन वि. पूर्वकार्य तथा प्रतिकार्य योजना<br>२. वार्षिक योजना |
| संस्थागत व्यवस्था | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | ३ | २.६.१ | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै तहका संस्थागत संरचनाहरूमा लै.स.अ.सा.स. प्रतिनिधित्व भएको छ ? | ०-१ | | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै तहका संस्थागत संरचनाहरूमा लै.स.अ.सा.स. प्रतिनिधित्व भएको छ । | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै तहका संस्थागत संरचनाहरूमा महिलाको मात्र प्रतिनिधित्व छ । | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै तहका संस्थागत संरचनाहरूमा लै.स.अ.सा.स. प्रतिनिधित्व भएको छैन । | |
| | | | २.६.२ | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै समितिहरूमा लै.स.अ.सा.स. प्रतिनिधित्व रहेको छ ? | ०-१ | | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै समितिहरूमा लै.स.अ.सा.स. प्रतिनिधित्व रहेको छ । | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै समितिहरूमा महिलाको प्रतिनिधित्व रहेको छ । | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सबै समितिहरूमा लै.स.अ.सा.स.को प्रतिनिधित्व रहेको छैब । | १. स्थानिय विपद् व्यवस्थापन समितिको सदस्यको नामावली<br>२. वडा स्तरिय विपद् व्यवस्थापन समितिको सदस्यको नामावली<br>३. विपद् खोज तथा उद्दार समूहको सदस्यको नामावलि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २.६.३ | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित अनुगमन तथा संकटासन्न समुहको लेखाजोखा लिङ्ग, उमेर, अपाङ्गता तथ्याङ्क (SADDD) आधारमा गर्ने गरिन्छ ? | ०-१ | | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित अनुगमन तथा संकटासन्न समुहको लेखाजोखा लिङ्ग, उमेर, अपाङ्गता तथ्याङ्क (SADDD) आधारमा गर्ने गरिन्छ । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित अनुगमन तथा संकटासन् समुहको लेखाजोखा लिङ्ग, उमेर, अपाङ्गता तथ्याङ्क (SADDD) आधारमा गर्ने गरिन्छ । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित अनुगमन तथा संकटासन्न समुहको लेखाजोखा लिङ्ग, उमेर, अपाङ्गता तथ्याङ्क (SADDD) आधारमा गर्ने गरिदैन । | १. अनुगमन र संकटासन्न समूहको लेखाजोखाको तथ्याङ्क (SADDD) |
| मानव संसाघन तथा क्षमता विकास | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | ३ | ३.४.१ | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित खोज, उद्धार तथा प्रतिकार्यमा महिलाहरूको सहभागिता रहन्छ ? | ०-१ | | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित खोज, उद्धार तथा प्रतिकार्यमा महिलाहरूको सहभागिता रहन्छ । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित केही खोज, उद्धार तथा प्रतिकार्यमा महिलाहरूको सहभागिता रहन्छ । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित खोज, उद्धार तथा प्रतिकार्यमा महिलाहरूको सहभागिता रहदैन । | १. खोज, उद्धार तथा प्रतिकार्यमा संलग्न व्यक्तिको नामावलि |
| | | | ३.४.२ | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित क्षमता विकासका कार्यक्रमहरूको तर्जुमा गर्ने गरिएको छ ? उदाहरणको लागि न्भ्म्क्ष उत्तरदायि DRR तालिम | ०-१ | | विपद् जोखिम न्यूनीकण संग सम्बन्धित क्षमता विकासका कार्यक्रमहरूको तर्जुमा गर्ने गरिएको छ । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित केही क्षमता विकासका कार्यक्रमहरूको तर्जुमा गरिएको तर GEDSI उत्तरदायि DRR तालिम संचालन गरिएको छैन | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित क्षमता विकासका कार्यक्रमहरूको तर्जुमा गर्ने गरिएको छैन । | १. क्षमता विकास तालिम संचालन गरेको रेकर्ड<br>२. वार्षिक योजना |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३.४.३ | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित स्रोत सामाग्री, उपकरण, पुस्तिकाहरू, प्रोटोकलहरू, अध्ययन आपतकालिनको लागि मानक संचालक प्रकयाहरू (Standard Operating Procedure ) GEDSI उत्तरदायि छन् ? | ०-१ | | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित सबै स्रोत सामाग्रीहरू (Standard Operating Procedure ) GEDSI उत्तरदायि छन् । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित केहि स्रोत सामाग्रीहरू (Standard Operating Procedure ) GEDSI उत्तरदायि छन् । | विपद् जोखिम न्यूनीकरण संग सम्बन्धित सबै स्रोत सामाग्रीहरू (Standard Operating Procedure ) GEDSI उत्तरदायि छैनन् ? | १. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्वन्धी दस्तावेज |
| सेवा प्रवाह | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | ३ | ४.६.१ | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित पूर्वाधार (आश्रयस्थल, शौचालय) र सेवा वितरण प्रणालीहरू लै.स.अ.सा.स. मैत्री छन् ? | ०-१ | | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित पूर्वाधार (आश्रयस्थल, शौचालय) र सेवा वितरण प्रणालीहरू लै.स.अ.सा.स. मैत्री छन् | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित पूर्वाधार (आश्रयस्थल, शौचालय) र सेवा वितरण प्रणालीहरू छन् तर लै.स.अ.सा.स. मैत्री छैनन् ? | विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित पूर्वाधार (आश्रयस्थल, शौचालय) र सेवा वितरण प्रणालीहरू लै.स.अ.सा.स. मैत्री छैनन् । | १. विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित पूर्वाधार (आश्रयस्थल, शौचालय) र सेवा वितरण प्रणालीहरूसंग सम्बन्धित दस्तावेज |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४.६.२ | स्थानीय स्तरमा स्थापीत सबै आपतकालिन अपरेशन र ट्रमा सेन्टरहरूले डिजाईन व्यवस्थापनमा लै.स.अ.सा.स. सम्बन्धि प्रोटिकलहरूको कडाईका साथ पालना गरेका छन् ? | ०-१ | | स्थानीय स्तरमा स्थापीत सबै आपतकालिन अपरेशन र ट्रमा सेन्टरहरूले डिजाईन व्यवस्थापनमा लै.स.अ.सा.स. सम्बन्धि प्रोटिकलहरूको कडाईका साथ पालना गरेका छन् । | स्थानीय स्तरमा स्थापीत सबै आपतकालिन अपरेशन र ट्रमा सेन्टरहरूले डिजाईन व्यवस्थापनमा लै.स.अ.सा.स. सम्बन्धि केही प्रोटिकलहरको समावेश गरेका तर कडाईका साथ पालना गरेका छैनन् ? | स्थानीय स्तरमा स्थापीत सबै आपतकालिन अपरेशन र ट्रमा सेन्टरहरूले डिजाईन व्यवस्थापनमा लै.स.अ.सा.स. सम्बन्धि प्रोटिकलहरूको कडाईका साथ पालना गरेका छैनन् । | १. आपतकालिन अपरेशन र ट्रमा सेन्टरहरूको डिजाईन |
| | | | ४.६.३ | विपद् पूर्व तयारीका लागि बहुजोखिम पूर्व चेतावनी प्रणालीलाई सहभागितामूलक रूपमा विकास गरिएको छ र यसलाई लै.स.अ.सा.स. मैत्री बनाईएको छ ? | ०-१ | | विपद् पूर्व तयारीका लागि बहुजोखिम पूर्व चेतावनी प्रणालीलाई सहभागितामूलक रूपमा विकास गरिएको छ र यसलाई लै.स.अ.सा.स. मैत्री बनाईएको छ । | विपद् पूर्व तयारीका लागि बहुजोखिम पूर्व चेतावनी प्रणालीलाई सहभागितामूलक रूपमा विकास गरिएको छ तर यसलाई लै.स.अ.सा.स. मैत्री बनाईएको छैन । | विपद् पूर्व तयारीका लागि बहुजोखिम पूर्व चेतावनी प्रणालीलाई सहभागितामूलक रूपमा विकास गरिएको छ र यसलाई लै.स.अ.सा.स. मैत्री बनाईएको छैन । | १. पूर्व तयारीका लागि बहुजोखिम पूर्व चेतावनी प्रणालीलाई । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुसाशन तथा उत्तरदायित्व | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | २ | ५.६.१ | लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका नीति, योजना तथा कार्ययोजनालाई संचारका माध्यमबाट शार्वजनिक गर्ने गरिएको छ ? | | | लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका नीति, योजना तथा कार्ययोजनालाई संचारका माध्यमबाट शार्वजनिक गर्ने गरिएको छ । | लै.स.अ.सा.स. मैत्री विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका केही नीति, योजना तथा कार्ययोजनालाई संचारका माध्यमबाट शार्वजनिक गर्ने गरिएको छ । | लै.स.अ.सा.स. क्ष मैत्री विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका नीति, योजना तथा कार्ययोजनालाई संचारका माध्यमबाट शार्वजनिक गर्ने गरिएको छैन । | १. संचार माध्यमबाट प्रचार गरेका दस्तावेहहरूको रेकर्ड । |
| | | | ५.६.२ | महिला, अपाङ्गता तथा अन्य लक्षित वर्गसंग सम्बन्धित संजालहरू र महिला जनप्रतिनिधिहरू विपद् जोखिम न्यूनीकरण सम्बन्धि योजना बजेट तथा कार्यन्वयन र अनुगमन प्रति जानकार छन ? | ०-१ | | महिला, अपाङ्गता तथा अन्य लक्षित वर्गसंग सम्बन्धित संजालहरू र महिला जनप्रतिनिधिहरू विपद् जोखिम न्यूनीकरण सम्बन्धि योजना बजेट तथा कार्यन्वयन र अनुगमन प्रति जानकार छन् । | महिला, अपाङ्गता तथा अन्य लक्षित वर्गसंग सम्बन्धित संजालहरू र महिला जनप्रतिनिधिहरू विपद् जोखिम न्यूनीकरण सम्बन्धि योजना बजेट तथा कार्यन्वयन र अनुगमन प्रति पूर्ण रूपले जानकार छैनन् ? | महिला, अपाङ्गता तथा अन्य लक्षित वर्गसंग सम्बन्धित संजालहरू र महिला जनप्रतिनिधिहरू विपद् जोखिम न्यूनीकरण सम्बन्धि योजना बजेट तथा कार्यन्वयन र अनुगमन प्रति जानकार छैनन् । | |

## अनुसूचि २

# स्थानीय तहको लै.स.सा.स. कार्यान्वयन समिति

- गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख - संयोजक
- उपप्रमुख/उपाध्यक्ष - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- सामाजिक विकास समितिका संयोजक, - सदस्य
- कार्यपालिकाका सदस्यहरूमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका तीन जना - सदस्य
- गैसस/सामुदायिस संघ संस्थाहरू मध्येबाट समनावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको ३ जना - सदस्य
- लै.स.सा.स. हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

## अनुसूचि ३

# लै.स.सा.स. परीक्षण कार्यदल

माथि उल्लिखित लै.स.सा.स. कार्यान्वयन समितिको वैठक बसी लै.स.सा.स. परीक्षणको लागि लै.स.सा.स. परीक्षण कार्यदल गठन गर्नु पर्दछ ।

उक्त कार्यदलमा; गाउँपालिकाको हकमा उपाध्यक्ष वा निज समेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिकाका सदस्यको संयोजकत्वमा र नगरपालिकाको हकमा उपप्रमुख वा निज समेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिकाका सदस्यको संयोजकत्वमा सम्वन्धित विज्ञ वा परीक्षणकर्ता, विषय क्षेत्र हेर्ने शाखाका कर्मचारी र सरोकारवाला समेत ३ देखि ५ सदस्य रहनेछन् । यस्तो कार्यदलमा कम्तिमा एक जना महिला र सम्भव भएसम्म दलित/अन्य लक्षित समूहहरूको समेत प्रतिनिधित्त्व हुने व्यवस्था गर्नु पर्दछ ।

Funded by
the European Union

U N
D P

unicef
for every child

UN
WOMEN